“कृषि, पशु, वन, पर्यटन विकासको आधार : स्वास्थ्य, शिक्षा, सडक समृद्ध मेलुङको पूर्वाधार”

# आर्थिक वर्ष २०७९/०८० को बजेट(प्रस्तावित)

## मेलुङ गाउँपालिका

### भेड्पु, दोलखा

बागमती प्रदेश, नेपाल

# मेलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को प्रस्तावित बजेट

गाउँ सभाका अध्यक्ष महोदय,
गाउँ सभाका सदस्यज्यूहरु,

नेपालको संविधानसभाद्धारा जारी गरिएको संविधानले तीन तहको सरकारहरूको परिकल्पना गरेको छ । यस परिकल्पनालाई साकार पार्न हालै स्थानीय तहको दोश्रो निर्वाचन सम्पन्न भएको छ । अवको पाँच वर्षका लागि निर्वाचित भएको यो स्थानीय सरकारको पहिलो आर्थिक वर्षको वजेट प्रस्तुत गर्न यस गरिमामय सभामा उपस्थित भएको छु । यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७९/८० को लागि अनुमानित आय व्यय र खर्चको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आज यस गरिमामय सभाको महत्वपूर्ण घडीमा सङ्घीयता तथा गणतन्त्र प्राप्तिको सङ्घर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । नेपालको राष्ट्रियता, अखण्डता, स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा तथा अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै सामाजिक रूपान्तरणमा उहाँहरूले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु ।

"सुखी नेपाली, समृद्ध नेपाल" निर्माणको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने नेपाल सरकारको अभियानप्रति यो स्थानीय सरकार प्रतिवद्ध छ । संविधान बमोजिम सर्वभौमसत्ता सम्पन्न मेलुङबासीहरूको अमूल्य मतदानबाट निर्वाचित हामी लोकतन्त्रका आधारभूत मूल्य मान्यता प्रति प्रतिवद्ध रहेका छौं ।

यो मेलुङ गाउँपालिकाको गरिबी, अभाव, बेरोजगारी, सामाजिक कुरीति अन्त्यका लागि शक्ति, स्रोत र अवसरमा समानताको आधारमा विकास र सुशासन कायम गर्न हामी प्रतिबद्ध रहनेछौं । यस पालिकाको विकासका आवश्यकता र सम्भावनाहरूको पहिचान गर्दै समृद्ध मेलुङ निर्माणको लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायत विभिन्न नियम कानूनले प्रदान गरेका अधिकार बमोजिम आर्थिक वर्ष २०७९/०८० का लागि प्राप्त संघीय सरकार, प्रदेश सरकारको अनुदान र हाम्रो आफ्नै आम्दानीलाई आधार मानेर प्राप्त श्रोतसाधनको अधिकतम समुपयोग गरी जनतासँग हामीले गरेका प्रतिबद्धता, हाम्रो विकास र सुशासनका आवश्यकता, प्राथमिकताहरू, विभिन्न स्तरहरूबाट प्राप्त राय, सुझाव, सल्लाह समेतलाई ध्यान दिएर हामीले नै पास गरेको नीति तथा कार्यक्रम बमोजिम आगामी आगामी आर्थिक वर्षमा मेलुङ

गाउँपालिकाले अवलम्बन गर्ने आय व्ययको गतिविधि यस बजेट मार्फत यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

अब म क्षेत्रगत रूपमा लिइएका नीति तथा कार्यक्रम अन्तर्गत रही विनियोजन गरेको बजेटमा प्रस्तुत केही क्षेत्रगत विवरणहरू पेश गर्ने अनुमति चाहन्छु ।

<u>**आर्थिक विकास तर्फ**</u>

- ***व्यवसायीक तरकारी, फलफूल खेती र पशुपालन मेलुङ्को सान : आलु उत्पादनमा हाम्रो आफ्नै पहिचान !*** भन्ने नारालाई साकार पार्न कृषि क्षेत्रलाई प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजन गरिएको छु ।
- प्रत्येक वडामा एक जना कृषि प्राविधिकको व्यवस्थालाई क्रमशः लागू गर्दै लगिनेछ । यसका लागि आवाश्यक वजेट विनियोजन गरेको छु ।
- यस पालिकाका युवाहरूलाई कृषि क्षेत्रमा लाग्न प्रोत्साहन गर्न **उद्यम विकास कोष**को लागि आवाश्यक वजेट व्यवस्था गरेको छु ।
- व्यवसायिक बाख्रापालन, कुखुरापालन,गाईपालन, भैँसीपालन, बङ्गुरपालन, माछापालन आदिलाई प्रोत्साहन गर्दै लगिनेछ । यसका लागि गोठ सुधार, खोर सुधारका कार्यक्रमहरूलाई आवश्यक वजेट व्यवस्था गरेको छु ।
- यस पालिकाभित्र सञ्चालनमा रहेका व्यापार, व्यवसाय, फर्महरूलाई अनिवार्य रूपमा पालिकामा दर्ता गरी दर्ता भएका व्यवसायहरूलाई प्रोत्साहन गर्दै लगिनेछ । यसका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु ।
- सहकारी संस्थाहरूमा सहकारी ऐन अनुसार अनुगमन, नियमनको कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन अनुगमन तथा नियमनलाई कडाईकासाथ गरिनेछ । आर्थिक अनियमितता देखिएका सहकारी संस्थाहरूलाई कारवाहीको दायरामा ल्याईनेछ ।
- सहकारी संस्थाहरूको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ । यसका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

सभाध्यक्ष महोदय,

- माध्यमिक तहसम्मको शिक्षालाई पूर्ण रूपमा निःशुल्क गर्ने नीति पूर्णत अवलम्बन प्रति विद्यार्थी लागत अनुसारको रकम विद्यालयलाई अनुदान स्वरूप उपलब्ध गराउनको लागि वजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिकाका सामुदायिक विद्यालयबाट एसइइ परिक्षामा उत्कृष्ट नतिजा (ए/ए प्लस ग्रेड) ल्याउने विद्यार्थीहरूलाई प्रोत्साहन गर्न नगद पुरस्कार र प्रमाणपत्रको व्यवस्थाको लागि वजेटको व्यवस्था मिलाएको छु ।
- शिक्षा क्षेत्रको सुधारका लागि नीति तथा कार्यक्रम बमोजिम विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- पालिकाभित्रका स्वास्थ्य संस्थामा सुत्केरी भएका महिलाहरूलाई **जनप्रतिनिधि सुत्केरी भेटघाट** कार्यक्रम सञ्चालनको लागि वजेटको व्यवस्था गरेको छु ।
- मेलुङ गाउँपालिकाका नवजात शिशु र आमाको स्वास्थ्यलाई विशेष ख्याल गर्दै **सुत्केरी पोषण भत्ता** कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- सबै स्वास्थ्य चौकीहरूमा एम्बुलेन्स सेवाको पहुँचलाई क्रमशः विस्तार गर्दै लगिनेछ । एम्बुलेन्स सेवा संचालनको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- खानेपानी मुहान नभएका पालिकाको माथिल्लो क्षेत्रका बस्तीहरूमा लि॑ट खानेपानी, होचो भुभागका बस्तीहरूमा ट्युबवेल, डिप वोरिङ, इनारको माध्यमबाट खानेपानीको व्यवस्था आवश्यक बजेट व्यवस्था गरेको छु ।
- स्थानीय संस्कृती संरक्षरणको लागि स्थानीय जातजातिहरूको मौलिकता झल्कने गरी पालिका स्तरीय **साँस्कृतिक प्रदर्शनी मेला** को आयोजना गरिनेछ । यसको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिका भित्र बसोबास गर्ने जातजातिहरूको, कला, संस्कृति, धर्म, भेषभुषा, रितिरिवाज आदी झल्कने **संग्रहालय** निर्माणको लागि बजेट विनियोजन गरेको छु ।
- खेलकुद क्षेत्रको विकासको लागि विभिन्न खेलकुद क्षेत्रमा कृयाशील खेलाडी तथा पदाधिकारीलाई **आर्थिक सहयोग कार्यक्रम**को व्यवस्थापन गरिनेछ । यसको लागि वजेट विनियोजन गरेको छु ।
- राष्ट्रपति रनिङशिल लगायतका खेलकुद कार्यक्रम संचालन लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण तर्फ**

- लक्षित समुदाय महिला, दलित, जनजाति, अपांग, वालवालिका आदिका लागि क्षमता विकास र सिप तथा प्रविधि हस्तान्तरणका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- लक्षित समुदाय (आदीवासी/जनजाती र दलित) को भाषा, धर्म संस्कृति र परम्पराको अध्ययन/अनुसन्धान लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई नियमित, व्यवस्थित एवं सरल र सहज बनाउनका लागि सबै वडा कार्यालयमार्फत भत्ता उपलब्ध गराउन आवाश्यक व्यवस्था मिलाईनेछ ।
- 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई न्यूनतम निर्वाह सहयोग स्वरूप मासिक रू ८०० रूपैंया भत्ता उपलब्ध गराउन आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- यस पालिकाभित्र विगतमा परिचयपत्र बनाउन छुट भएका र नयाँ अपाङ्गता भएका व्यक्तिहरूको पहिचान, वर्गीकरण र परिचयपत्र वितरण गर्नका लागि शिविरको व्यवस्था गरिनेछ । यसका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

सभाध्यक्ष महोदय,

**अव म पूर्वाधार विकास तर्फको अनुमानित बजेटको संक्षिप्त विवरण पेश गर्न चाहन्छु ।**

- गाउँपालिकाको सुविधासम्पन्न प्रशासकिय भवन निर्माण प्रकृयालाई तत्काल अगाडि बढाईनेछ । यस कार्यको लागि आवश्यक व्यवस्था गर्न जग्गा व्यस्था समिति निर्माण भई सकेको छ । सो समितिले आगामी साउनसम्ममा जग्गा प्राप्तीको सुनिश्चितता गर्नेछ । आवश्यक जग्गाको सुनिश्चितता भएपछि भवन निर्माणका लागि पुर्वाधार तयार गर्न हाललाई रकम रू. १ करोड बजेट विनियोजन गरेको छु । यसका लागि निरन्तर वजेट व्यवस्था गरिनेछ ।

- सवै वडाहरूमा ससाना भौतिक पुर्वाधारका न्युनतम कार्यक्रम सञ्चालन गर्न सम्बन्धित वडा अध्यक्षले वडा समितिको निर्णय मार्फत खर्च हुने गरी प्रत्येक वडामा १० लाखका दरले वजेट विनियोजन गरेको छु ।
- **सडक, सिञ्चाई, खानेपानी सहितको दीगो पूर्वाधार : सुरक्षित आवास, समृद्ध मेलुङको मुल आधार !** भन्ने नारालाई सार्थक बनाउनका लागि **योजना बैंक** मार्फत योजनावद्ध कार्यान्वयन गर्दै लगिनेछ ।

- लिफ्ट सिंचाई प्रणाली (Lift Irrigation System) लाई मागका आधारमा अति आवश्यक स्थानमा सञ्चालन गर्न पहल गरिनेछ । यसका लागि आवाश्यक बजेट व्यवस्था गरेको छु ।
- भौतिक पुर्वाधार विकासको पूर्वाधार विकास गुरूयोजना तयार गरिनेछ । यसका लागि वजेटको व्यवस्था गरेको छु ।
- **स्मार्ट मेलुङ अभियान** अन्तर्गत पालिकामा रहेका सबै वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था लगायतका सरकारी तथा गैरसरकारी कार्यालयहरूमा इन्टरनेटको व्यवस्था गरी Online मार्फत कार्य सम्पादनलाई व्यवस्थित गरिनेछ । यसका लागि बजेटको व्यवस्था गरेको छु ।

सभाध्यक्ष महोदय,

**वातावरण तथा विपद व्यवस्थापन वन तथा भू संरक्षण सम्बन्धमा देहाय वमोजिम व्यवस्था गरिनेछ ।**

- नयाँ निर्माण भएका सडकहरूको सौन्दर्यता र दिगोपनका लागि "**हरियाली सडक अभियान**" सञ्चालन गरिनेछ । वातावरण संरक्षणका लागि आवाश्यक वजेट व्यवस्था गरेको छु ।
- गाउँपालिका स्तरिय विपद जोखिम न्युनिकरण योजना, जलवायु परिवर्तनका कारण उत्पन्न समस्या र समाधानका लागि योजना तथा कार्यक्रम बनाई कार्यान्वयनमा ल्याईनेछ । यसका लागि वजेट व्यवस्था गरेको छु ।
- प्राकृतिक विपदमा परेका नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापनाका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- वातावरण संरक्षणका लागि विभिन्न कार्यक्रम संचालनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिका क्षेत्रभित्र रहेका उपभोग गरी फालिएका प्लाष्टिकजन्य तथा सिसाजन्य वस्तुहरूको लागि आवश्यक व्यवस्थापनलाई विशेष ध्यान दिइनेछ । यसका लागि आवाश्यक बजेट विनियोजन गरेको छु ।

सभा अध्यक्ष महोदय, गाउँसभा सदस्यहरु !

**संस्थागत विकास, सेवा प्रवाह र सुशासनका सन्दर्भमा देहाय बमोजिम व्यवस्था गरेको छु ।**

- गाउँपालिकामा निर्माण गर्नुपर्ने आवश्यक ऐन, कानुन, नियमावली तथा कार्यवीधिहरूको निर्माण गरी लागु गर्दै लगिनेछ । यसको लागि आवशयक वजेट व्यवस्था गरेको छु ।

- मेलुङ गाउँपालिकाका शिक्षित युवाहरूलाई सार्वजनिक सेवातर्फ आकर्षित गर्नका लागि प्रतिष्पर्धात्मक लोकसेवा आयोग लगायतका परिक्षाहरूमा प्रतिस्पर्धा गर्नको लागि लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ । यसको लागि वजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिका र अन्तरगतका कार्यालयहरूबाट प्रदान गरिने सेवाहरूलाई जनमुखी, सरल, सहज बनाउनको लागि सवै कार्यालयहरूमा सहज सेवाको आवश्यक व्यवस्था गरिनेछ । यसका लागि कर्मचारीहरूलाई तालीम, कार्यालयमा भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ । यसका लागि वजेटको व्यवस्था गरिएको छ ।
- गाउँपालिका र अन्तरगत कार्यरत कर्मचारीहरूको क्षमता विकासका विभिन्न कार्यक्रमहरू संचालन, प्रोत्साहनका कार्यक्रमका लागि वजेट विनियोजन गरेको छु ।
- यस गाउँपालिका अन्तरगत रहेका स्थानीय तहमा रहेका सबै कार्यालय, स्वास्थ्य चौकी, शिक्षण संस्था लगायतका सबै निकायमा कार्यरत कर्मचारीहरूलाई कार्यालयप्रति जिम्मेवार बनाईनेछ । आफ्नो जिम्मेवारी प्रति जिम्मेवार नहुने, अटेरी गर्ने, सेवाग्रहीप्रति असहिष्णु हुने कर्मचारीहरूलाई प्रचलित कानून बमोजिम कारवाही वा जिम्मेवारीबाट अलग गरिनेछ । यसका लागि स्थानीय स्तरबाट निगरानी संयन्त्र निर्माण गरिनेछ । यसको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

सभाध्यक्ष महोदय,
गाउँसभा सदस्यज्यूहरु,

अब म माथि विनियोजित संक्षिप्त कार्यक्रम लगायतका यस गाउँपालिकामा संघ, प्रदेशबाट प्राप्त अनुदान, आन्तरिक श्रोत, आन्तरिक वचत बा हुन आउने श्रोत र सोको खर्चको अनुमानित व्यवहोरा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्ष २०७९/०८० को लागि प्रस्तावित बजेट तथा कार्यक्रमका लागि संघीय सरकारबाट प्राप्त हुने रकम रू. ४४ करोड ४३ लाख ६० हजार, प्रदेश सरकारबाट प्राप्त हुने रकम रू. ९ करोड ७७ लाख ६० हजार, गाउँपालिकाको आन्तरिक श्रोत र गत वर्षको वचत आदिबाट प्राप्त हुने रकम रू. ४ करोड १४ लाख ८८ हजार गरी कूल रकम रू. ५७ करोड ६६ लाख २४ हजार रूपैंया रकम आय हुने अनुमान गरेको छु ।

त्यसैगरी व्यय तर्फ आर्थिक विकासका लागि एकमुष्ठ रकम रू. ४ करोड १ लाख, सामाजिक विकास तर्फ रू. २१ करोड ६८ लाख ६२ हजार, भौतिक पूर्वाधार विकासतर्फ रू. २३ करोड ३३ लाख, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रू. ५० लाख, संस्थागत विकास तथा सेवा प्रवाह तर्फ रकम रू. १ करोड ५९ लख ५० हजार, प्रशासनिक तथा अन्य खर्च रकम रू. ५ करोड ७९ लाख ६२ हजार र गाउँपालिकाको पूँजीगत खर्च तर्फ रकम रू. ७५ लाख रूपैया गरी कूल ५७ करोड ६६ लाख २४ हजार खर्च हुने अनुमान गरेको छु ।

सो सम्बन्धमा समग्र राजश्व तथा अनुदान प्राप्ति र खर्चको अनुमान यसै वजेटको अनुसूचीा पेश गरेको छु ।

अन्त्यमा,
यस गाउँपालिकाको भविष्य निर्माण महत्वपूर्ण अंगको रूपमा रहेको यो नीति, कार्यक्रम तथा वजेट तयार गर्दा मार्गदर्शन गर्नु हुने श्रद्धेय अध्यक्षज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

बजेट तथा कार्यत्रम तर्जुमा गर्दा सुझाव, सल्लाह, मार्गदर्शन गर्नु हुने राजश्व परामर्श समितिका सदस्यज्यूहरु, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका सदस्यज्यूहरु, बजेट तथा कार्यत्रम तर्जुमा समितिका सदस्यज्यूहरु, कार्यपालिकाका विभिन्न समितिका सदस्यज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

साथै बजेट तथा कार्यत्रम निर्माणका लागि निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, बौद्धिक वर्ग, गाउँपालिकाका राष्ट्रसेवक कर्मचारीहरु तथा गाउँपालिकाबासी दाजुभाई तथा दिदी बहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

मेलुङ गाउँपालिकाको सामाजिक, आर्थिक विकासमा अमूल्य सहयोग पुऱ्याउने नेपाल सरकार, प्रदेश सरकार, मेलुङ गाउँपालिकाबासी आदरणीय आमाबा, दाजुभाई, दिदीवहिनी, अन्य साझेदार राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घ/संस्था र प्रतिनिधिहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यो बजेट तथा कार्यत्रममा आवश्यक सुझाव, सल्लाह दिई अझ समृद्ध बनाउन सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरू प्रति हार्दिक अपेक्षा व्यक्त गर्दछु । धन्यवाद !

गायत्री आचार्य
उपाध्यक्ष
१० असार, २०७९